नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ती विरुद्धको कसूर ।

मि.नं. ६७०, दायर मिति-:२०८०-०३-१३

फैसला मिति-२०८०-१०-२९

वादी

प्र.ब.ना.नि.टेकबहादुर कार्कीको प्रतिवेदनले नेपाल सरकार----१

प्रतिवादी

जिल्ला बारा प्रसौनी गा.पा.वडा नं.५ वस्ने को छोरा वर्ष २५ को सुभाष भन्ने सुबास प्रसाद साह समेत ११

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१.प्रतिवादीहरुले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अरुण प्रसाद कुशवाहा समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरुले ईन्कारी बयान गरेतापनी मिति २०८०।३।५ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.३२ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले सुभाष भन्ने सुबास प्रसाद साहलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी सुभाष भन्ने सुबास प्रसाद साह,जानकी चौधरी,ज्योति चौधरी,रेखा चौधरी,आईती माया तामाङ्ग,माकुरी भन्ने निरमाया वम्जन,संदिप प्रसाद यादव, विमुख कुमार साह,अखलेश शर्मा, रमेश पासवान र फरार प्रतिवादी जितेन्द्र मलिकलाई जरिवाना जनही रु ३०० ।- गर्ने र तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु २००।- क्षतिपुर्ति शुल्क निर्धारण गरिएको छ र प्रतिवादी सुभाष भन्ने सुबास प्रसाद साहलाई कैद ८ दिन गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी सुभाष भन्ने सुबास प्रसाद साहलाई मिति २०८०-०३-०५ गते देखि २०८०-०३-१२ सम्म थुनामा बसेको देखिँदा ठेकिएको कैद ८ दिन कट्टा भईसकेकोले जरिवानाको हकमा मिति २०८०-०३-१३ गते र.नं. ९६४ बाट दाखिला गरेको धरौटी रकम रु ५,०००।- बाट जरिवाना रकम रु ३००।- कट्टा गर्न र पिडित राहत कोषमा रु २००।- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु , प्रतिवादी रेखा चौधरीको र.नं.२०५ मिति २०८०-०७-१९मा जम्मा भएको रु ५०००।-,प्रतिवादी संदिप प्रसाद यादवको र.नं. २०७ मिति २०८०-०७-२०मा जम्मा भएको रु ५०००।- ,प्रतिवादी विमुख कुमार साहको र.नं. २५३मिति २०८०-०८-१८ मा जम्मा भएको रु ५०००।-,प्रतिवादी रमेश पासवानको र.नं.३१६ मिति २०८०-१०-०२मा जम्मा भएको रु ५०००।- ,जानकी चौधरी र.नं. ३२६,मिति २०८०-१०-१२ मा जम्मा भएको रु ५०००।-,प्रतिवादी अखलेश शर्मा,ज्योती चौधरी,आइती माया तामाङ्ग,माकुरी भन्ने निरमाया वम्जन को र.नं.३३१,३२८,३२९,३३० मिति २०८०-१०-१४ मा जम्मा भएको जनही रु ५००।- बाट जरिवाना रु ३००।- कट्टा गर्न र पिडित राहत कोषमा रु २००।- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु तथा बाँकी रहन आएको रकम सम्बन्धित प्रतिवादीहरुलाई फिर्ता दिन लेखा शाखा लाई पत्र लेख्नु र फरार प्रतिवादी जितेन्द्र मलिकबाट जरिवाना रकम समेत असुलउपर जिल्ला प्रहरी कार्यालय ,पर्सालाई पत्र लेख्नु ।-----------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। ---------------------------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु-------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल माघ महिना २९ गते रोज २ / ने.सं. ११४४ सिल्लाथ्व ३,सोमबार शुभम् ............